नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

# बार्षिक प्रतिवेदन

आ.व. २०७९।०८०

जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

## डडेल्धुरा जिल्लाको संक्षिप्त परिचय :

नेपालको सुदुर पश्चिम प्रदेश अन्तरगत पर्ने डडेल्धुरा प्राकृतिक सौन्दर्यताले भरिपुर्ण सुन्दर जिल्ला हो । सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्ला मध्ये डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ र बाजुरा जिल्लामा जाने बाटो यहि डडेल्धुरा जिल्ला हुदै जान्छ । सुदुरपश्चिम प्रदेशको Hill Station को रुपमा रहेको सु.प.का अन्य पहाडी तथा हिमाली जिल्लाको प्रबेश बिन्दुको रुपमा रहेको डडेल्धुरा जिल्लाको महत्व सुदुरपश्चिम प्रदेशमै बिशेष रहेको छ । साविक महाकाली तथा सेती अन्चलका बिभिन्न जिल्लाका मानिसहरु आवात जावत गर्ने केन्द्रको रुपमा रहेकोले यस जिल्लामा शान्ति सुरक्षा, अपराधिक गतिबिधि तथा सवारी दुर्घटनाको दृष्टिकोणले अलि बढि संबेदनशील हुदै गएको छ । ५ वटा गांउपालिका र २ वटा नगरपालिका रहेको यस जिल्लाको कूल जनसंख्या मध्ये झण्डै आधा जनसंख्या जिल्लाको दक्षिणी भेगमा पर्ने भित्री मधेसका आलिताल गांउपालिका र परशुराम न.पा. मा बसोबास गर्दछन् । भित्री मधेसमा पर्ने यी स्थानिय तहमा अधिकांस मानिसहरु अन्य जिल्लाबाट बसाइ सराइ गरी आएका बासिन्दाहरु बसोबास गर्दछन । त्यसैले यी बिबिध बस्तुगत तथ्यको आधारमा शान्ति सुरक्षाको दृष्टिकोणले यस जिल्लाको भित्री मधेश क्षेत्र दिन प्रतिदिन संबेदनशील बन्दै गएको छ । अमरगढी नगरपालिका बार्ड नं. ५ खलंगामा सदरमुकाम रहेको यो जिल्ला अत्यन्त मनोरम, भौगोलिक विविधतायुक्त, समथर भित्रि मधेस, चुरे श्रृङखला, महाभारत पर्वत, घना हरियाली वनजंगल, उग्रतारा, घटाल, भागेश्वर आदि धार्मिक महत्वका शक्ति पिठहरु, आलिताल लगायत अन्य ताल तलैयाहरु, नदिनालाहरु, शिखर लेक जस्ता प्राकृतिक स्थलहरु रहेको ऐतिहासिक र सामरिक महत्वको सौन्दर्यताले यो जिल्ला भरिपूर्ण छ साथै यस जिल्लाको सदरमुकाममा अमरगढी किल्ला र अमरसिंह थापाको सालिकले झनै आकर्षित तुल्याएको छ । यस जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको उत्तराखण्डको पिथौरागढ जिल्ला, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला रहेका छन् । यस जिल्लाको करिव ७५ प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ । यस जिल्लाको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।

### भौगोलिक अवस्था:

१५३८ बर्ग कि.मी. क्षेत्रफल रहेको डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्लासंग सिमाना जोडिएको छ । यो जिल्ला ८०' १२'' पूर्व देखि ८०' ४७"पूर्व देशान्तरसम्म र २८' ५९"उत्तर देखि २९' २६'' उत्तर आक्षांससम्म फैलिएको छ भने ४६२ मीटरको उचाई देखि २६३९ मीटर उचाईसम्म भएको भित्रि मधेश चुरे पहाड देखि महाभारतको लेक, घनघस्या, तुषरानी जस्ता नामचलेका लेक यस जिल्लामा रहेका छन ।

### प्राकृतिक स्वरुप:

यस जिल्लाको दक्षिणि भु-भाग आलिताल गांउपालिका र परशुराम नगरपालिका क्षेत्रमा उष्ण र बाँकी पहाडी भु-भागमा समशितोष्ण हावापानी पाईन्छ । सदरमुकाममा गर्मी याममा ३२ डिग्री सेल्सीयस सम्म र जाडोयाममा सुन्य ० डिग्री सेल्सीयस सम्म तापक्रम रहन्छ भने वर्षा याममा १३४३ मि.मि. सम्म वर्षा हुने गर्दछ ।

**प्राकृतिक हिसावले यस जिल्लाको क्षेत्रफललाई निम्मानुसार विभाजन गर्न सकिन्छ :**

| | |
|---|---|
| • कृषि योग्य क्षेत्रफल | २५,६१० हेक्टर |
| • बस्ती नदिनाला र बाटोले ओगटेको क्षेत्रफल | १३,४४५ हेक्टर |
| • वन | १,१४,७३६ हेक्टर |
| • जम्मा | १,५३, ८०० हेक्टर |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

## १) प्राकृतिक सम्पदाः

**(क) प्रमुख नदिनालाहरुः**

यहाको प्रमुख नदिनालाहरुमा महाकाली र सेती हुन । तर यी नदीहरु जिल्लाको आर्थिक बिकासको दृष्टिकोणले हालसम्म उपयोगमा ल्याउन सकिएको छैन् । अन्य सहायक खोलाहरुमा रंगुन, रडुवा, पन्तुरा, रुपाली गाड, घटाल, सुर्नायाँ, रुवाखोला, सकायल, तिलाडीगाड, दोगाड, आरा, सिर्ष, कलेना, लोपा, सिराड, सादनी, ठूलिगाड, डोटीगाड आदि मूख्य पर्दछन ।

**(ख) वन जंगलः**

कूल भु-भागको लगभग ७५ प्रतिशत वनजंगलले ढाकीएको यस जिल्लाको दक्षिणी भेगमा उष्ण सदाबहार सल्ला, साल, सिसम जस्ता वृक्षहरु भरीभराउ भई हरियाली तथा प्राकृतिक दृष्टिकोणले सुसम्पन्न वनजंगल छन भने उच्च पहाडी भेगमा समशितोष्ण कोणधारी वनजंगलले सजिसजाउ छन । यस जिल्लामा रहेको वनको क्षेत्रफल निम्नानुसार रहेको छ ।

- कूल बन क्षेत्र १,१४,७३६.५० हेक्टर
- सरकारी वन क्षेत्र ९७,८४६.२० हेक्टर
- सामुदायिक वन १६,८९.४१ हेक्टर

**(ग) बन्य जन्तु :**

यस जिल्लामा पाईने प्रमूख बन्य जन्तुहरुमा बाघ, चितुवा, भालु, घोरल, थार, जरायो, दुम्सी, रतुवा, बादर, स्याल, लंगुर, बदेल आदि हुन् ।

**(घ) झरना र ताल :**

यस जिल्लाको विशेष उल्लेखनिय ताल तथा झरनाहरुमा आलिताल गांउपालिकामा रहेको ३०० मिटर लम्वाई ८० मीटर चौडाई २० मीटर गहिराई भएको आलिताल र बोडापाथी पर्दछन । भागेश्वर गांउपालिका अन्तरगत साहिलको झरना, आलिताल गांउपालिकाकै कुमोडगाड झरना आदि उल्लेखनीय छन ।

## सामाजिक अवस्था

क) जनसंख्याः

यस जिल्लाको ७३,७१० महिला र ६५,८९२ पुरुष गरी कुल जनसंख्या १,३९,६०२ रहेको यस जिल्लामा विभिन्न जनजाति सम्प्रदायका मानिसहरुले बसोबास गरेको भएतापनि धार्मिक विषयलाई लिएर कुनै पनि सम्प्रदाय विच विवाद उठेको घटना भने कुनै वस्ती, समुदाय र सम्प्रदायहरुमा भएको पाइदैन । यस जिल्लामा हिन्दूहरुको बाहुल्यता भएतापनि हिन्दू बाहेक अन्य विभिन्न जाति तथा धर्मका मानिसहरुले समेत बासोबास गर्दै आएका छन । जुन यस प्रकार छन :

(क) हिन्दू ९९.७२ प्रतिशत
(ख) बौद ०.१५ प्रतिशत
(ग) मुस्लीम ०.२ प्रतिशत
(घ) जैन ०.२ प्रतिशत
(ङ) क्रिष्चीएन ०.७ प्रतिशत
(च) अन्य ०.२ प्रतिशत

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

**ख) बसाई सराई :**

कम भू-स्वामित्व तथा रोजगारीको अवसरको कमिले गर्दा जिल्लाको पहाडी भागबाट अन्यत्र बसाइ सराइ गर्ने र अन्य विकट जिल्लाहरुबाट यस जिल्लाको भित्री मधेशमा बसाइ सराइ गर्ने क्रम तिव्र रहेको तथ्याङ्कबाट देखिन्छ । विगत ५ वर्षको तथ्याङ्कले ८.९ प्रतिशत अन्यत्र र जिल्ला भित्र ४.३ प्रतिशत बसाइ सराइ गरेको पाईन्छ । बसाई सराइका कारण गांउबस्तीहरु रित्तिने क्रममा रहेका छ । जस्का कारण उत्पादनसिल जमिन समेत बाझिने अवस्था श्रृजना भएको छ ।

**ग) महत्वपूर्ण धार्मिक स्थलहरुः**

- घटाल थान
- परशुराम धाम मन्दिर
- उग्रतारा मन्दिर
- भागेश्वर मन्दिर
- डागेश्वरी मन्दिर
- समैजि मन्दिर
- अशिग्राम मन्दिर
- गन्यापधुरा
- सहश्रलिङ्ग

**घ) ऐतिहासिक स्थल :**

अजयमेरु गाउपालिका अन्तरगत पर्ने अजयमेरु कोट तथा अमरगढी नगरपालिका स्थित अमरगढी किल्ला यस जिल्लाको प्रमुख ऐतिहासिक स्थलको रुपमा प्रसिद्ध छन ।

**२) कार्यकारी सारांश :**

जिल्ला स्थित सरकारी कार्यालयहरुमा जिल्ला प्रशासन कार्यालय बिशिष्ट महत्व राख्ने कार्यालय हो । यस कार्यालयले आफ्नो निर्धारित काम भन्दा पनि जिल्लामा भैपरी आउने अन्य बिबिध काममा व्यस्त रहनु पर्दछ । बिशेष गरी जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, बिकास निर्माण कार्यमा सुरक्षा, समन्वय र अनुगमनकर्ताको भूमिका निर्बाह गर्ने, जिल्लाको समग्र बस्तुस्थितिको जानकारी लिई संबन्धित निकायमा प्रतिवेदन तथा सिफारिस गर्ने, जिल्लाको प्रशासनिक, बिकास निर्माण तथा सेवा प्रवाहलाई सहज बनाई सुशासन कायम गर्न सहजीकरण गर्ने कार्य हुदै आएको छ । संघ, प्रदेश र स्थानीयतह बीच समन्वय गर्ने एवं संघीय सरकारको जिल्ला स्थित प्रमुख प्रतिनिधी कार्यालयको रुपमा रहि आएको यस कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कामहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. १६ बर्ष उमेर पुगेका जिल्लाका नेपाली नागरिकहरुलाइ रितपूर्वकको आवेदन लिइ नेपाली नागरिकताको प्रमाणपत्र, सो को प्रतिलिपी प्रदान गर्ने, ।

२. राहदानी वितरण गर्ने तथा विवरण संकलन ।

३.राष्ट्रिय परिचय-पत्रको विवरण प्रविष्ट गर्ने र तयार भई आएका राष्ट्रिय परिचय-पत्र वितरण गर्ने ।

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

४. संस्था दर्ता ऐन, २०३४ बमोजिम गैर नाफामूलक गैरसरकारी संस्था दर्ता तथा नविकरण गर्ने ।

५. यस अघि दर्ता भएका हातहतियारको लाइसेन्सको नविकरण गर्ने, नामसारी तथा हतियार खरिदका लागि रितर्पुवक पेश हुने आवेदन सिफारिस गर्ने ।

६. कार्यालयमा पेश हुन आएको गुनासो तथा ठाडो उजुरी उपर छानबिन गरी आवश्यक कारवाही गर्ने ।

७. जिल्लामा शान्ति सुरक्षाको अवस्था सामान्य बनाइ राख्न आवश्यकता अनुसार जिल्ला स्थित बिभिन्न राजनैतिक दल, नागरिक समाज, पत्रकार, नागरिक समाजका प्रतिष्ठित व्यक्तित्वहरुसंग बैठक, अन्तरक्रिया गरी समन्वय कायम गर्ने ।

८. जिल्लामा नेपाल सरकारको नीति, ऐन, कानून अनुसार सुशासन कायम गर्न सहजकर्ता तथा समन्वयकर्ताको भूमिका निर्बाह गर्ने ।

९. जिल्लामा सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालन हुने बिकास निर्माण कार्यक्रमको निरीक्षण अनुगमन गरी संबन्धित निकायमा सिफारिस गर्ने ।

१०. जिल्ला स्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी कार्यालयमा अनुशासन, नियमितता, समयपालन, सेबा प्रबाहमा प्रभावकारिता ल्याउन सहजीकरण गर्ने ।

११. द्वन्द पिडितहरुलाई तोकि आए बमोजिम राहत क्षतिपुर्ति तथा आर्थिक सहायता उपलब्ध गराउने र सो को लागि आवश्यक सिफारिस गर्ने ।

१२. विपद् ब्यवस्थापन सम्वन्धि कार्य गर्ने ।

१३. तोकिए बमोजिम अर्ध न्यायीक कार्यालयको रुपमा न्याय सम्पादन गर्ने ।

१४. विभिन्न आयोग, मन्त्रालय, नियोगबाट समय समयमा तोके लगाईए बमोजीमका अन्य कामहरु गर्ने ।

**३) यस कार्यालयबाट गत आ. व. २०७९।०८० मा सम्पादन भएका कामहरुको विवरण :**

| क्र. सं. | आर्थिक वर्षभरिमा संञ्चालन गरेका कार्यक्रम | सम्पादन गरेका कामहरु | इकाई | प्रगति | लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता वितरण | नियमानुसार सेवाग्राहीलाई नागरिकता वितरण | संख्या | ४२१२ | - | |
| १.१ | राष्ट्रिय परिचयपत्र विवरण संकलन | नागरिकका व्यक्तिगत तथा जैविक विवरण संकलन | ,, | 3626 | - | |
| २ | नागरिकता प्रतिलिपि | पर्न आएका निवेदनहरु छानविन गरी नियमानुसार नागरिकताको प्रतिलिपि जारी गरिएको । | संख्या | २८१३ | - | |
| ३ | राहदानी वितरण | पर्न आएका निवेदनहरु उपर नियमानुसार राहदानी तयार | संख्या | २८५२ | - | |

प्रमुख जिल्ला अधिकारी

**जिल्ला प्रशासन कार्यालय डडेल्धुरा**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न राहदानी विभागमा पठाईएको । | | | | |
| ३ | राहदानी वितरण द्रुत सेवा | पर्न आएका निवेदनहरु उपर नियमानुसार राहदानीको लागि सिफारिस | संख्या | - | - | |
| ४ | संस्था दर्ता | नियमानुसार संस्था दर्ता गर्न आएका संस्थाहरुलाई दर्ता गर्ने । | संख्या | २४ | - | |
| ५. | संस्था नविकरण | नियमानुसार संस्था नवीकरण गर्ने । | संख्या | ६० | - | |
| ६. | नावालक परिचय पत्र प्रदान | नियमानुसार सेवाग्राहीलाई नावालक परिचय-पत्र वितरण | संख्या | ६४ | - | |
| ७ | विभिन्न किसिमका सिफारिस एवं प्रमाणित | सेवाग्राहीका नामथर /जनजाती/ दलित/ मधेसि समेत प्रमाणित | संख्या | ५८० | - | |
| ८ | शान्ति सुरक्षा | नियमित रुपमा जिल्ला सुरक्षा समितिको बैठक बसी जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सामान्य राख्ने कार्य भैईरहेको । | पटक | ३८ | - | |
| ९ | सुशासन सम्वन्धी कार्य | सुशासन सम्वन्धी समिति गठन भई कार्यान्वयन भैरहेको । | - | निरन्तर | - | |
| १० | लैङ्गिक हिंसा सम्वन्धी कार्य | जिल्ला कार्ययोजना तयार गरी कार्यान्वयन भैरहेको | - | निरन्तर | - | |
| ११ | पत्रिका दर्ता | नियमानुसार पत्रपत्रिका दर्ता गर्ने गरिएको । | | - | - | |
| १२ | हातहतियार सम्वन्धी कार्य | नियमानुसार हातहतियार नविकरण , नयाँ हतियारको लागि सिफारिस, हतियार नामसारी गर्ने गरिएको | संख्या | - | - | |
| | | हातहतियार नविकरण | संख्या | ६८ | | |
| १३ | कार्यालय प्रमुखहरुको बैठक | जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुको मासिक रुपमा सम्पादन भएका कामकारवाही हरुको समिक्षा गर्ने गरीएको | पटक | १२ | - | |
| १४ | द्वन्द व्यवस्थापन सम्वन्धि कार्य | शान्ति तथा पुननिर्माण मन्त्रालयको निर्णय तथा प्राप्त अख्तियार अनुसार राहत रकम वितरण गर्ने गरिएको । | जना | ४ | ६,४८,०००।- | |
| १५ | विपद व्यवस्थापन | ज्लिल्ला विपद् व्यवस्थापन समिकेो | | ५ | - | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्वन्धि कार्य | बैठकको आयोजना । DPR Plan र मनसुन प्रर्व तयारी तथा प्रतिकार्य योजना निर्माण कार्यान्वयन । खोज उद्दार तथा राहत । स्थानीय विपद् व्यवस्थापन समितिसंग बैठक समन्वय र सहकार्य । | पटक | | | |
| १७ | बजार अनुगमन | अनुगमन समितिबाट कार्य योजना तयार गरी अनुगमन भैरहेको । | पटक | २४ | - | |
| १८ | अन्तर जिल्ला समन्वय बैठक | डडेल्धुरा-डोटी र डडेल्धुरा-बैतडी-डोटी - बभाङ्ग जिल्लाहरुसंगको अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको । | पटक | २ | - | |

**४) अर्ध न्यायिक कार्य:**

यस कार्यालयमा पर्ने ठाडो उजुरी तथा मुद्दाहरुलाई आवश्यक छानविन गरी मुद्दाको फैसला गर्ने साथै जिल्लामा सार्वजनिक निर्माण तथा विकास निर्माणका कार्यहरुमा विवादित भै ति विवादित योजनाहरु तथा ब्यक्तिगत समस्याहरु सम्वन्धमा ठाडो उजुरी परेमा सम्वन्धित संस्था, ब्यक्तिहरुविच छलफल गराई आवश्यक छानविन गरी नियमनुसार सजाय गर्ने, जरिवाना गर्ने साथै मिलापत्र गराई मुद्दा फछ्यौट गर्ने गरिएको छ । यस आ.व.मा यस कार्यालयबाट सम्पादन गरिएका ठाडो उजुरी तथा फौज्दारी मुद्दाहरुको विवरण निम्ननुसार तयार पारिएको छ ।

| सि. नं. | मुद्दा शिर्षक | संख्या | | | फछ्यौंट भएको संख्या | वाकी संख्या |
|---|---|---|---|---|---|---|
| | | गत आ.व.को जिम्मेवारी | चालु आ.व.मा दर्ता भएका संख्या | कुल संख्या | | |
| १. | अभद्र व्यवहार | २ | १३ | १५ | १५ | - |
| २. | सार्वजनिक शान्ति विरुद्धको कसुर | - | ३ | ३ | १ | २ |
| ३. | जुवा | १ | २ | ३ | ३ | - |
| ४. | ठाडो उजुरी | ५ | ५९ | ६४ | ६४ | - |
| | जम्मा: | ८ | ७७ | ८५ | ८३ | २ |

**४.१ प्रशासनिक दण्ड जरिवाना असुल:-रु. १,७८,९६०।-**

५) मनसुनजन्य विपद्बाट प्रभावित भई नीजि आवास पुर्ननिर्माण तथा पुनस्थापना अनुदान कार्यविधी, २०७७ बमोजिम नीजि आवास पुर्ननिर्माण गर्न वितरण गरिएको राहतको विवरण:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| SN | PA Number | Name | Adress | ward | Total |
|---|---|---|---|---|---|
| 1 | 488 | Ram Pyari Devi Kami | Ganyapdhura Rm | 1 | 175000 |
| 2 | 494 | Padam Bahadur Deuba | Ganyapdhura Rm | 1 | 175000 |
| 3 | 501 | Kalpana Devi Seti | Ganyapdhura Rm | 1 | 175000 |
| 4 | 515 | Hark Bahadur Sharki | Ganyapdhura Rm | 1 | 175000 |
| 5 | 517 | KAMLESH Prasad Bhatt | Ganyapdhura Rm | 1 | 175000 |
| 6 | 577 | Bahadur Singh Mahata | Ganyapdhura Rm | 1 | 175000 |
| 7 | 578 | Datt Raj Awasthi | Ganyapdhura Rm | 1 | 175000 |
| 8 | 579 | Laxman Datta Awasthi | Ganyapdhura Rm | 1 | 175000 |
| 9 | 580 | Nand Ram Awasthi | Ganyapdhura Rm | 1 | 175000 |
| 10 | 581 | Sarswati Thapa | Ganyapdhura Rm | 1 | 175000 |
| 11 | 582 | Sita Ram Joshi | Ganyapdhura Rm | 1 | 175000 |
| 12 | 583 | Megh Singh Mahata | Ganyapdhura Rm | 1 | 175000 |
| 13 | 584 | Lal Damai | Ganyapdhura Rm | 1 | 175000 |
| 14 | 585 | Chabi Lal Damai | Ganyapdhura Rm | 1 | 175000 |
| 15 | 616 | Dhauli Devi Sharki | Ganyapdhura Rm | 1 | 175000 |
| 16 | 619 | Kusma Devi Sharki | Ganyapdhura Rm | 1 | 175000 |
| 17 | 621 | Damare Sharki | Ganyapdhura Rm | 1 | 175000 |
| 18 | 624 | Bir Bahadur Deuba | Ganyapdhura Rm | 1 | 175000 |
| 19 | 634 | Dharma Singh Deuba | Ganyapdhura Rm | 1 | 175000 |
| 20 | 800 | Ratan Bahadur Mahata | Ganyapdhura Rm | 1 | 175000 |
| 21 | 512 | Bhagrathi Devi Deuba | Ganyapdhura Rm | 2 | 175000 |
| 22 | 531 | Sher Bahadur Malla | Ganyapdhura Rm | 2 | 175000 |
| 23 | 534 | Keshari Devi BK | Ganyapdhura Rm | 2 | 175000 |
| 24 | 587 | Bhaga Devi Dholi | Ganyapdhura Rm | 2 | 175000 |
| 25 | 592 | Sher Bhadur Chhetri | Ganyapdhura Rm | 2 | 175000 |
| 26 | 597 | Bhan Dev Joshi | Ganyapdhura Rm | 2 | 175000 |
| 27 | 599 | Mina Devi Joshi | Ganyapdhura Rm | 2 | 45000 |
| 28 | 604 | Pratap Singh Mali | Ganyapdhura Rm | 2 | 175000 |
| 29 | 608 | Lalmani Joshi | Ganyapdhura Rm | 2 | 45000 |
| 30 | 627 | Maina Devi Malla | Ganyapdhura Rm | 2 | 175000 |
| 31 | 630 | Basanti Devi Bhul | Ganyapdhura Rm | 2 | 175000 |
| 32 | 636 | Bishna Devi Joshi | Ganyapdhura Rm | 2 | 45000 |
| 33 | 638 | Ishowri Devi Joshi | Ganyapdhura Rm | 2 | 45000 |
| 34 | 652 | Parbati Devi Mali | Ganyapdhura Rm | 2 | 175000 |
| 35 | 659 | Bed prakash Joshi | Ganyapdhura Rm | 2 | 45000 |
| 36 | 784 | Dan Bahadur Karki | Ganyapdhura Rm | 2 | 175000 |
| 37 | 812 | Padam Bahadur Mali | Ganyapdhura Rm | 2 | 175000 |
| 38 | 916 | Laxmi Devi Mali | Ganyapdhura Rm | 2 | 175000 |
| 39 | 452 | Dev Bahadur Bohara | Ganyapdhura Rm | 3 | 175000 |
| 40 | 479 | Kamale Sharki | Ganyapdhura Rm | 3 | 175000 |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | |
|---|---|---|---|---|---|
| 41 | 484 | Gore Parki | Ganyapdhura Rm | 3 | 175000 |
| 42 | 499 | Golama Kumari Sharki | Ganyapdhura Rm | 3 | 175000 |
| 43 | 576 | Tek Bahadur Deuba | Ganyapdhura Rm | 3 | 175000 |
| 44 | 614 | Jit Bhul | Ganyapdhura Rm | 3 | 175000 |
| 45 | 778 | Nabal Singh Chand | Ganyapdhura Rm | 3 | 175000 |
| 46 | 792 | Sita Dholi | Ganyapdhura Rm | 3 | 175000 |
| 47 | 793 | Bali Bohara | Ganyapdhura Rm | 3 | 175000 |
| 48 | 794 | Gagane Bhul Sharki | Ganyapdhura Rm | 3 | 45000 |
| 49 | 806 | Manoj Bahadur Deuba | Ganyapdhura Rm | 3 | 45000 |
| 50 | 862 | Bir Bahadur Chhetri | Ganyapdhura Rm | 3 | 175000 |
| 51 | 879 | Kamal Singh Deuba | Ganyapdhura Rm | 3 | 175000 |
| 52 | 493 | Sita Devi Bhul Sharki | Ganyapdhura Rm | 4 | 175000 |
| 53 | 505 | Chandra Dev Paneru | Ganyapdhura Rm | 4 | 45000 |
| 54 | 514 | Narayan Datta Bhatta | Ganyapdhura Rm | 4 | 45000 |
| 55 | 589 | Jaya Bhul | Ganyapdhura Rm | 4 | 175000 |
| 56 | 626 | Bijuwa Bohara | Ganyapdhura Rm | 4 | 175000 |
| 57 | 483 | Nar Bahadur Pan | Ganyapdhura Rm | 5 | 175000 |
| 58 | 508 | Harina Tamata | Ganyapdhura Rm | 5 | 175000 |
| 59 | 509 | Kamala Tamrakar | Ganyapdhura Rm | 5 | 175000 |
| 60 | 586 | Maina Devi Tamota | Ganyapdhura Rm | 5 | 175000 |
| 61 | 633 | Dhana Devi Tamota | Ganyapdhura Rm | 5 | 175000 |
| 62 | 656 | Naryan Luhar | Ganyapdhura Rm | 5 | 175000 |
| 63 | 658 | Chakra Bahdur Luhar | Ganyapdhura Rm | 5 | 175000 |
| 64 | 788 | Tara Kumari Luhar | Ganyapdhura Rm | 5 | 175000 |
| 65 | 789 | Mina Kumari Kami | Ganyapdhura Rm | 5 | 175000 |
| 66 | 876 | Kalu Singh Khatri | Ganyapdhura Rm | 5 | 175000 |
| **Total Amount** | | | | | **10380000** |

**६) आ.व. २०७९।०८० देखी ऐ. असाढ मसान्त सम्म बाढी पहिरो तथा आगलागीका कारण क्षति भएका व्यक्तिहरुलाई वितरण गरिएको राहतको विवरण**

| सि.नं. | राहात लिने व्यक्तिको नाम | ठेगाना | प्रकोपको प्रकृति | तत्काल उपलब्ध राहत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिरेन्द्र कैनी | अ.न.पा.७ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| २ | अशोक कुमार कैनी | अ.न.पा.७ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ३ | रमादेवी लुहार | अजयमेरु गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ४ | भक्त बहादुर जोरा | भागेश्वर गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ५ | दुर्गादत्त पनेरु | अजयमेरु गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ६ | कलावती देवी पाल | अ.न.पा.११ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ७ | शिवा बोहरा | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ८ | सीता कुमारी भुल | अ.न.पा.११ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ९ | मंगला देवी लुहार | नवदुर्गा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | |
|---|---|---|---|---|---|
| १० | शान्ती देवी साउँद | अमरगढी ३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ११ | कमला दमाई | अमरगढी ४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| १२ | रम्भा लुहार | गन्यापधुरा गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| १३ | सरीता रुपाली | अ.न.पा.११ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| १४ | मंगला लुहार | नवदुर्गा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| १५ | प्रकाश वड | भागेश्वर गा.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| १६ | देवकी धामी | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| १७ | मोहन ताम्राकार टमटा | अ.न.पा.६ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| १८ | गणेश प्रसाद पाण्डेय | अजयमेरु गा.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| १९ | दानी पार्की | अजयमेरु गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| २० | काली प्रसाद जोशी | अ.न.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| २१ | गणेश राज श्रेष्ठ | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| २२ | रमेश बहादुर दमाई | अ.न.पा.८ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| २३ | मनि लुहार | अजयमेरु गा.पा.५ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| २४ | राजन बहादुर सार्कि | अमरगढी २ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| २५ | लोक बहादुर तमोली | अमरगढी डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| २६ | सुरेश बहादुर टमटा | अ.न.पा.७ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| २७ | नवराज पाण्डेय | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| २८ | बिष्णु राज भट्ट | अ.न.पा.८ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| २९ | लिलाधर पाण्डेय | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ३० | बसन्ती टमोटा | अ.न.पा.७ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ३१ | गणेश प्रसाद उप्रेती | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ३२ | मान बहादुर देउवा | गन्यापधुरा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ३३ | महेश दमाई | अजयमेरु गा.पा.६ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ३४ | गगन सिंह बोहरा | अजयमेरु गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ३५ | विर बहादुर शाहु | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ३६ | हरिश शाहु | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ३७ | भिम बहादुर शाहु | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ३८ | लक्ष्मण सिह शाहु | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ३९ | भागरथी देवी ऐर | अ.न.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ४० | कमल सिंह बिष्ट | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ४१ | प्रयाग ताम्रकार | अजयमेरु गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ३०००/- | |
| ४२ | देवकी देवी भट्ट | गन्यापधुरा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ४३ | नेत्रराज भट्ट | गन्यापधुरा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | भिम बहादुर महता | गन्यापधुरा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ४०००/- | |
| ४५ | राज टमटा | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ४०००/- | |
| ४६ | हरिश सिंह बिष्ट | नवदुर्गा गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | २०००/- | |
| ४७ | नर बहादुर खत्री | नवदुर्गा गा.पा.२ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | २०००/- | |
| ४८ | ईश्वरी प्रसाद अवस्थी | गन्यापधुरा गा.पा.१ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ४९ | सोम राज उप्रेती | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५० | प्रकाश राज उप्रेती | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५१ | मंगला हमाल | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५२ | बसन्त उप्रेती | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५३ | मिन बहादुर हमाल | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५४ | रमेश हमाल | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५५ | राज सार्की | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५६ | जानकी हमाल | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५७ | सुरत हमाल | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५८ | कलावती उप्रेती | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ५९ | मिठ्ठु सार्कि | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६० | राज टमटा | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ६१ | गणेश दत्त पनेरु | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६२ | टपी पनेरु | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६३ | विष्णु राज पाण्डेय | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६४ | मोहन राज पाण्डेय | अ.न.पा.३ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६५ | भागरथी लुहार | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६६ | धन बहादुर पुन मगर | अ.न.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ६७ | राजेश्वरी भट्ट पाण्डेय | भागेश्वर गा.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | १५०००/- | |
| ६८ | ईश्वरी देवी साँकी | अ.न.पा.८ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ६९ | कलावती देवी भाट | भागेश्वर गा.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ७० | जय सिह भाट | भागेश्वर गा.पा.४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ७१ | ईन्द्र बहादुर साँकी | अ.न.पा.८ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ५०००/- | |
| ७२ | रमेश बहादुर चुनारा | अ.न.पा.४ डडेल्धुरा | आगजनी बाट क्षति | २०००/- | |
| ७३ | निरज महता | अजयमेरु ४ डडेल्धुरा | आगजनी बाट क्षति | १५०००।- | |
| ७४ | उध्दव राज भाट | अजयमेरु १ डडेल्धुरा | आगजनी बाट क्षति | १००००।- | |
| ७५ | विनोद बहादुर शाही | गन्यापधुरा ३ डडेल्धुरा | आगजनी बाट क्षति | १००००।- | |
| ७६ | तेज बहादुर विष्ट | अमरगढी ४ डडेल्धुरा | हावाहुरी बाट क्षति | २०००।- | |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | |
|---|---|---|---|---|---|
| ७७ | नर बहादुर नगरकोटी | अमरगढी ५ डडेल्धुरा | हावाहुरी बाट क्षति | ५०००।- | |
| ७८ | नवल सिह रोकाया | अमरगढी ४ डडेल्धुरा | अबिरल बर्षाबाट घर क्षती | ८०००।- | |
| ७९ | मकर बहादुरशाही | गन्यापधुरा ३ डडेल्धुरा | हावाहुरी बाट क्षति | ८०००।- | |
| ८० | पदम टमटा | अजयमेरु २ डडेल्धुरा | हावाहुरी बाट क्षति | १५०००।- | |
| ८१ | लोक बहादुर सार्की | गन्यापधुरा १ डडेल्धुरा | हावाहुरी बाट क्षति | १५०००।- | |
| ८२ | बिर बहादुर साउद | नवदुर्गा १ डडेल्धुरा | हावाहुरी बाट क्षति | ८०००।- | |

७) द्वन्द पिडितहरुलाई वितरण गरिएको (जीवन निर्वाह भत्ता) राहत विवरण:

| सि.नं. | पिडितको नामथर | ठेगाना | वितरण गरिएको राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बम बहादुर थापा | भागेश्वर गा.पा.१ | २,१६,०००।- | |
| २. | जयराज गिरी | भागेश्वर गा.पा. ३ | २,१६,०००।- | |
| ३. | मिनेश बहादुर ठगुन्ना | प.न.पा. ९ | १,०८,०००।- | |
| ४. | सन्तोष सांउद | अमरगढी न.पा. ३ | १,०८,०००।- | |
| | जम्मा: | | ६,४८,०००।- | |

८) यस कार्यालयको विभिन्न शिर्षकमा विनियोजन भएको वार्षिक बजेट तथा खर्चको विवरण:

| बजेट शिर्षक | वार्षिक बजेट | निकाशा | खर्च | कैफियत |
|---|---|---|---|---|
| चालु खर्च | १,८१,०३,०००।- | १,५०,३७,२८४।४० | १,५०,३७,२८४।४० | |
| पुजीगत खर्च | २९,७४,३५८।- | २७,०४,९३७।- | २७,०४,९३७।- | |
| कुल जम्मा: | २,१०,७७,३५८।- | १,७७,४२,१७५।४० | १,७७,४२,१७५।४० | |

८) यस कार्यालयबाट असुली गरेको राजश्व विवरण:

| विवरण | रकम |
|---|---|
| राहदानी वापत | १,४१,४५,५००।- |
| सरकारी सम्पत्ति बेचबिखन (लिलाम बिक्री) | ३१५०।- |
| संघ संस्था दर्ता/नवीकरण | १,०६,७००।- |
| परीक्षा शुल्क | २२,६००।- |
| प्रशासनिक दण्ड जरिवाना | १,७८,९६०।- |
| हातहतियार नवीकरण | ५३,०००।- |
| **जम्मा:** | **१,४५,०९,९१०।-** |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

९) यस जिल्लाको शान्ती सुरक्षा अमन चयन कायम राखी आम सर्वसाधारण जनताको जीउ धनको उचित सुरक्षा प्रवन्ध मिलाउन हाल जिल्लामा रहेको मौजुदा सुरक्षा निकायहरुलाई समन्वयात्मक ढंगले परिचालन गराई भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाईएको छ ।

१०) **सडकको निर्माण तथा सुधार कार्य:** सडक भिजिन कुलपाते अन्तर्गत यस जिल्लामा सञ्चालित भात्काडा रेल सडकको ठेक्का भई निर्माण कार्य सुरु हुन नसकी अवरुद्ध भई रहेकोमा प्र.जि.अ. व्यक्तिगत पहलमा सो सडकको निर्माण सञ्चालन गरी हाल निर्माणाधिन अवस्थामा रहेको छ र यस जिल्लाको सदरमुकाममा रहेको साघुरो सडकका कारण यातायात सेवामा भएको असहज अवस्थालाई मध्यनजर राखी यस जिल्लाको बागबजारको जिरो प्वाईन्ट देखी उग्रतारा मन्दिरको मुल गेट सम्मको सडक दांयाबांया १५/१५ मिटरमा रहेको घरजग्गाहरुको मुआब्जा निर्धारण गरी मुआब्जा वितरण गर्न करिब रु. ५० करोड निकासा भई करिब ९० प्रतिशतले मुआब्जा रकम बुझि घर जग्गा खाली गर्ने क्रममा रहेको छ । मुआब्जा वितरण गर्न बजेट नपुगका कारण तत्काल सो सडकको स्तरोन्नती गर्ने काम केहि ढिलो हुने भएता पनि पहाडी ७ जिल्लाको केन्द्र विन्दुमा रहेको यस जिल्लाको सदरमुकामको साघुरो सडकलाई फराकिलो गर्ने कार्य अगाडी बढाईएको छ ।

११.चमेलिया-स्याउले-अत्तरिया १३२ के.भि.दोस्रो सर्किटको यस जिल्लाको अमरगढी न.पा. वडा नं. ७ र ८ का केहि व्यक्तिहरुले चमेलिया आयोजनाबाट मुआव्जा पाउनु पर्ने भनि पोलमा तार तान्ने काममा विगत देखी ठप्प रहेकोमा उक्त क्षेत्रमा जन प्रतिनिधी र सरोकारवालासंगको पटक पटक बैठक बसी अबरुद्ध रहेको आयोजनाको तार तान्ने कार्य सम्पन्न गरिएको छ ।

**१२) समस्या तथा सुझावहरु:**

- जिल्लामा समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहे तापनि समय समयमा हुने राजनैतिक असमझदारीका कारण जनतामा एक किसिमको मनोवैज्ञानिक संन्त्रास उत्पन्न भएको देखिन्छ । सवै जसो विकास निर्माणका कार्यहरु समझदारी र मेलमिलापका साथ सम्पन्न भएका छन् भने कुनै योजनाहरु गाउँ स्तरमा साधारण विवादका कारण विवादित भएको देखिन्छ । यस्ता किसमका विवादहरु सामाधान गर्न सर्वपक्षीय रुपमा छलफल गरि विवादित योजनाहरुलाई स्थलगत निरिक्षण गरी समस्या सामाधान गरिएको छ । प्रचलित कानून विपरित भएका काम कारवाही उपर कानून बमोजिम कारवाही भएको छ ।
- यस जिल्लाको भित्री मधेस क्षेत्रमा पर्ने रंगुन खोलाले प्रत्येक वर्षको वर्षायाममा बाढी तथा नदी कटानले बर्षेनी पुऱ्याउने करोडौको जनधनको क्षतीको न्यूनीकरणका लागि नदी नियन्त्रण लगाएत बृक्षारोपण गर्नु पर्ने देखिन्छ ।
- यस जिल्लाको आधा जनसंख्या रहेको भित्री मधेस स्थित साविक जोगबुडा, शिर्ष, आलिताल, गा.वि.स हाल परशुराम न.पा. र आलिताल गा.पा. क्षेत्रमा जाने आउने एकमात्र बाटो बुडर-जोगबुडा कच्ची बाटोमा वाढी पहिरोले आवागमनमा बारम्वार बाधा पुऱ्याउने गरेकोले उक्त बाटो पक्की गर्दै उक्त सडकलाई पहाडी मार्ग बाट तराई जोड्ने बैकल्पिक सडकको रुपमा कंचनपुरको दैजी सम्म पक्कि सडक बनाइनु पर्ने देखिन्छ ।
- यस जिल्लाका सवै स्थानिय तहहरुले आ-आफ्नो क्षेत्रमा डोजरको प्रयोग गरी सडक निर्माण गर्ने कार्यले वातावरणमा ठूलो असर पर्नुका साथै पानीका मूलहरु सुक्ने र राष्ट्रिय राजमार्ग तथा महत्वपुर्ण राजमार्गमा ठूलो क्षति, बर्षायाममा बाढी पहिरो गई ठूलो धनजनको क्षति हुने प्रवल संम्भावना रहेकाले तत्काल यस तर्फ सचेत रही गुरु योजना निर्माण गरेर मात्र सडक निर्माण कार्य गर्नु पर्ने देखिन्छ ।
- सार्वजनिक प्रति जग्गा संरक्षण तथा अतिक्रमण हटाउन स्थानिय तहसंग समन्वय गरी कार्य अगाडी बढाउदा समेत अझै प्रभावकारी हुन नसकेकाले यस सम्बन्धमा स्थानिय तहहरुलाई बढी जिम्मेबारी बनाईएमा सार्वजनिक प्रति जग्गा संरक्षण तथा अतिक्रमण हटाउन/खाली गर्न सहज हुने देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी

**१३) अन्य चुनौतीहरु**

❖ भित्री मधेश क्षेत्रका बिशेष गरी आलीताल गांउपालिका र परशुराम न.पा. क्षेत्रमा अन्य पहाडी जिल्लाबाट बसाइ सराइ गरी बसोबास गर्ने ठूलो रोगका कारण बन जंगल अतिक्रमण हुनका साथै वन बिनास हुदै गएकाले बसाइ सराईलाई व्यवस्थित गराईनु पर्ने देखिन्छ । यस्ता बसाइ सरी आउने विविध खाले समुदाय तथा पृथक पृथक पृष्ठभूमीबाट आएका व्यक्तिहरु हुने भएकाले असमझदारी, झगडा तथा अपराधिक गतिबिधिहरु बढिरहेका छन ।

❖ यस जिल्लामा दलित तथा हलिया समुदायको उल्लेख्य जनसंख्या रहेकोले उक्त समुदायमा बिद्यमान गरिबी, अशिक्षा, कमजोर चेतनास्तर तथा परम्परागत खानपीनका कारणआर्थिक अवस्थालाई माथी उठाउन कठिन भएको ।

❖ यस जिल्लाको झण्डै ७५ प्रतिशत भूभाग जंगलले ढाकिएकोले आवागमन, सूचना प्रबाह तथा अनुगमनमा पर्ने कठिनाइ ।

❖ बिद्युत तथा टेलीफोन सेबामा प्रायः जसो प्राबिधिक तथा प्राकृतिक कारणले भैरहने अवरोध ।

❖ प्रत्येक बर्ष बर्षायाममा बिशेषगरी भित्री मधेश क्षेत्रमा आउने बाढी पहिरा तथा हिउद याममा धनगढी डडेल्धुरा राजमार्ग (भिमदत्त राजमार्ग, डा.के.आई.सिंह राजमार्ग तथा दशरथ चन्द राजमार्गमा पटक-पटक पर्ने बाक्लो हिमपातको प्रकोप ।

❖ ट्राफिक प्रहरीको न्यून संख्याको कारणले बढ्दो ट्राफिक नियमको उलंघन तथा बढीरहेको सवारी दुर्घटना उपर न्यूनिकरण गर्न आवश्यक नियन्त्रण तथा अनुगमनमा कठिनाइ ।

❖ जिल्लामा बन फडानीलाइ प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा अनियमितता उपर कारवाही हुन यस कार्यालयबाट गरिएका अनुरोध, सिफारिसहरु उपर कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।

❖ यस जिल्लामा स्थापना भएको डडेल्धुरा अस्पताल यस प्रदेशमा रहेका ७ वटा पहाडी जिल्लाको केन्द्रमा रहेको सेवा प्रवाह समेत ७ वटै जिल्लाका बासिन्दाहरुले लिने गरेको परिपृक्षमा उक्त अस्पतालमा आवश्यक उपकरण र दक्ष जनशक्तिको अभावले स्वास्थ्य सेवा प्रभावित भई सर्व साधारणले ठूलो सास्ती फेर्नु परेको छ ।

**१४) समस्या र समाधानका लागि गरिएका प्रयासहरु :**

क) **कार्यालय प्रमुखको बैठक :** प्रत्येक महिनाको पहिलो हप्ताभित्रमा कार्यालय प्रमुखको बैठकको आयोजना गरी कार्यालयका विद्यमान समस्याहरु र समाधानका उपायहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीति निर्देशनहरु सम्बन्धमा जानकारी, कार्यालयका कार्यक्रम र प्रगति र जिल्लाका समसामयिक विषयहरुमा छलफल गरी अधिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा प्रगती बारे बैठकमा छलफल तथा आगामी दिनका लागि रणनीति तय गरी विभिन्न निर्णय गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ख. **कार्यालय कर्मचारी बैठक :** प्रत्येक महिनाको १ पटक जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु उपस्थित भै कार्यालयको वार्षिक कार्ययोजना, भौतिक अवस्था, सुधारका सम्भावना, कर्मचारीका व्यक्तिगत समस्याहरु, आचरण, अनुशासन र कार्यालयबाट प्रवाह गरिने सेवाहरुका सम्बन्धमा छलफल तथा निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ग. **गै.स.स.हरुको Profile तयारी :** डडेल्धुरा जिल्लामा दर्ता भै हालसम्म नविकरण गरिएका गै.स.स.हरुको नाम, ठेगाना, दर्ता मिति, मूख्य कार्यक्षेत्र, उद्देश्य, एवं आ.व. २०७८/०७९ मा प्रस्तावित कार्यक्रमहरुको

प्रमुख जिल्ला अधिकारी

विवरण र संचालित कार्यक्रमहरुको अवस्था बारेको गै.स.स. Profile तयार गरिएको छ र विगत ५ बर्ष ५ देखी नविकरण तथा प्रगती विवरण पेश नगर्ने ३०७ वटा गै.स.स.हरु खारेज गरी कार्यालयको अभिलेख व्यवस्थापन गरिएको छ ।

घ. **समयभित्र सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको विवरण संकलन** : यस जिल्ला भित्र विभिन्न निकायहरुद्वारा संचालित विकास आयोजनाहरु मध्ये समय भित्र सम्पन्न हुन नसकी रुग्ण बन्न पुगेका आयोजनाहरुको विवरण संकलन गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी आयोजना पुनः सुचारु गरी सम्पन्न हुने वातावरण निर्माण गर्ने प्रयास गरिएको छ ।

ङ. **सूचना अधिकारीहरुको बैठक र सञ्चार कार्य** : यस जिल्लाका सम्पूर्ण कार्यालय (सार्वजनिक संस्थान समेत)मा तोकिएका सूचना अधिकारीहरु र सञ्चारकर्मीहरुको बैठक प्रत्येक महिनाको अन्तिम दिन बस्ने गरी निर्णय भई सो बमोजिम बैठक आयोजना गरी सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सूचना अधिकारीले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व विषयमा सू-सूचित गरिएको साथै सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरी जिल्ला प्रशासन कार्यालयको web page मार्फत समेत सार्वजनिक गरिएको छ ।

च. **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९:** प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ लाई यस जिल्लामा शान्तिपुर्ण, भयरहित, विश्वसनिय वातावरणमा सम्पन्न गर्नका लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य एकिकृत सुरक्षा योजना, २०७९ निर्माण गरि जिल्ला स्थित सवै सुरक्षा निकायहरुको समन्वयमा निर्वाचन अघि, निर्वाचनको दिन एवं निर्वाचन पश्चात गरी तिन चरणमा सुरक्षा व्यवस्थापनको रणनीति अनुरुप शान्ति सुरक्षा व्यवस्थापन को कार्य गरी जिल्लाका सवै स्थानीय तहहरुमा रहेका मतदान केन्द्रहरुमा शान्तिपुर्ण ढंगबाट निर्वाचन कार्य सम्पन्न गरिएको छ ।

छ. **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा निर्वाचन २०७९ सम्पन्नः** प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९को सन्दर्भमा जिल्लामा आउने VIP/VVIP हरुको भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाई वहाहरुको यस जिल्लाको बसाई शान्तिपुर्ण आरामदायी हुने गरी व्यवस्थापन गरिएको थियो भने निर्वाचनकै सिलसिलामा जिल्लामा रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन सामग्रीहरु तथा निर्वाचनमा खटिने मतदान अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुको भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाई यस जिल्लामा तोकिएकै समयमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन शान्तिपुर्ण, भयरहित ढंगबाट सु सम्पन्न गरिएको छ ।

ज. **स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरु बिच समन्वय बैठक सम्पन्न** : यस जिल्लाका ७ ( सात) वटै स्थानीय तहहरुसंग सबै सुरक्षा निकायका प्रमुखहरु सहितको समन्वय बैठक आयोजना गरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्ने, विकास निर्माणलाई थप प्रभावकारी बनाउने, विभिन्न किसिमका सरुवा रोगको रोकथाम र नियन्त्रणका थप उपायहरु अबलम्बन गर्ने, सार्वजनिक जग्गा र सम्पत्तिहरुको संरक्षण गर्ने, प्राकृतिक स्रोत साधनको उचित संरक्षण र परिचालन गर्ने तथा दुरुपयोग हुन नदिने, जुवातास, लागु औषध, अवैध मदिरा नियन्त्रण गर्ने लगायतका विषयमा छलफल तथा निर्णयहरु भई कार्यान्वयनमा तिव्रता दिईएको छ ।

झ. **सर्वपक्षिय बैठक** : लागु औषधको सेवन, बिक्री बितरण तथा ओसार पसारलाई पूर्ण रुपले बन्देज गर्न तथा लागु औषधले समाजमा पुर्‍याएको अपराधिकरणलाई न्यूनिकरण गर्न जिल्लामा उपस्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, सर्वसाधारण तथा सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागितामा विस्तृत छलफल भई यस जिल्लालाई लागु औषधको सेवन, विक्री वितरण तथा ओसार पसारलाई बन्द गर्न आ-आफ्नो तर्फबाट साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सोही बैठकबाट जिल्लामा लागु औषध नियन्त्रण लगायतका गैरकानुनी काम कारवाहीलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

**जिल्ला प्रशासन कार्यालय डडेल्धुरा**

ञ. **कार्यालयलाई थप सेवाग्राही मैत्री बनाइदै :** जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा सेवा लिन आउने नागरिकहरुको हित र सुविधालाई ध्यानमा राखी अधिकतम सेवाग्राही मैत्री कार्यालय बनाउने प्रयास स्वरुप, तातो चिसो पिउने पानीको व्यवस्था, कार्यालय परिसरलाई Free WiFi Zone, सेवाग्राही प्रतिक्षालय, Help Desk, स्तनपान कक्ष, लिखित र Digital नागरिक वडापत्रको व्यवस्था तथा सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि आफ्नो कार्यालयसंग सम्बन्धित सेवाहरुलाई मध्यनजर गरी निश्चित फाराम तयार गरी कार्यालय हाता भित्र सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि पेटिकाको व्यवस्था गरी सुझाव संकलन गरी सोही अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाईएको छ ।

**ट.** मिति २०७८।०६।३१ गते देखी परेको बेमौसमी बर्षाका कारण यस जिल्लामा समेत ठुलो मात्रामा धनजनको क्षति भएकाले सो बर्षाका कारण पहिरोमा परी मृत्युबरण गर्ने ३ जना व्यक्तिका आश्रित परिवारलाई  तत्काल प्रमुख जिल्ला अधिकारी सहितको टोली निजहरुको घरमा नै गई जनही रु. २,००,०००।- राहत वितरण गर्नु भएको छ । सो बर्षाका कारण यस जिल्लामा करिब १०२ परिवारका घरहरु भत्कि क्षति भएकाले पिडित परिवारलाई समेत निजहरुका घरमा नै गई प्रमुख जिल्ला अधिकारीले दामासाहीका हिसावले तत्काल राहत स्वरुप रु. १५,००,०००।- राहत वितरण गरिएको छ ।साथै

ड. सोही बर्षाका कारण अबरुद्ध भएको भिमदत्त रजमार्ग, के.आई. राजमार्गलाई यस जिल्लाका सवै स्थानीय तहहरुसंग समन्वय गरी तत्काल यातायात सेवालाई सूचारु गराईएको छ । अबरुद्ध भएको खानेपानी विजली बत्ति, टेलिफोन सेवालाई सरोकारवाला निकायहरुसंग समन्वय गरी सूचारु गरिएका छन । सो बर्षाका कारण भएको धनजनको क्षतिको एकिन विवरण तयार गरी राहत, पुनस्थापन तथा पुनर्ननिर्माणका लागि नेपाल सरकार, गृह मन्त्रालय , आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदुरपश्चिम प्रदेश सरकार र स्थानीय तहहरुमा पत्राचार गरी  राहत, पुनस्थापन तथा पुर्ननिर्माण कार्यलाई अगाडी बढाईएको छ ।

ढ. यस जिल्लामा रहेको मुख्य राजमार्ग भिमदत्त राजमार्गमा पुष महिनामा परेको हिमपातका कारण अबरुद्ध हुना साथ स्थानीय तहहरुसंग समन्वय गरी तत्काल डोजर र जनशक्ति परिचालन गराई सो सडक खण्डमा परेको हिमपातलाई सफागराई तत्काल यातायात सेवालाई सूचारु गरिएको छ ।

ण. हिमपात र चिसो कारण यस जिल्लाका सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने व्यवस्थाका लागि यस जिल्लाका सवै पालिकाहरुसंग समन्वय गरी राहत उद्धार तथा सचेतना मुलक कार्यक्रमहरु गरिएका छ ।

त. **BOP स्थापना :** डडेल्धुरा जिल्लाको भारतसँग सीमानामा पर्ने परशुराम न.पा. वडा नं. ८ र भागेश्वर गा.पा. वडा नं. १ गरी थप दुई स्थानमा BOP स्थापना भएको र सो को लागि स्थानीय तह सँगको समन्वयमा तत्काल भवन र अन्य न्यूनतम पूर्वाधार र साधन स्रोत व्यवस्थापन गरिएको साथै BOP को संख्या कुल ५ वटा पुगाईएको छ ।

थ. **अस्थायी प्रहरी चौकी स्थापना :** यस जिल्लाको सुरक्षा अवस्था विश्लेषण गरी जिल्ला सुरक्षा समितिको सिफारिस तथा गृह मन्त्रालयको स्विकृतीमा नवदुर्गा गा.पा. वडा नं. २ को बेडुपानीमा अस्थायी प्रहरी पोष्टहरु स्थापना गरी सो क्षेत्रहरुबाट हुने अपराधिक गतिविधिहरुमा कमी आई सो क्षेत्रको शान्ति सुव्यवस्था थप प्रभावकारी भएको छ ।

द. प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० (DPRP) तयार पारी कार्यन्वयनमा ल्याईएको छ । संभावित विपद व्यवस्थापनका लागि जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानिय विपद् व्यवस्थापन समिति, सवै स्थानिय तहहरु, पत्रकार, नागरिक समाज, जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतका सवै कलष्टरहरुलाई तयारी अवस्थामा राखिएको छ ।

प्रमुख जिल्ला अधिकारी

ध. जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक राखी सुरक्षाको उचित प्रवन्ध मिलाईएको छ ।

न. सरकारी निकायबाट जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन जिल्ला स्थित सरकारी र गैह्र सरकारी निकायहरुको आवश्यकता अनुसार निरीक्षण अनुगमन भैरहेको छ ।

प. स्थानीय तहहरुबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जि.स.स./न.पा. तथा गांउपालिकाका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतज्यूसंग पटक पटक समन्वय बैठक राखी आवश्यक निर्णय गराई कार्यान्वयनको पहल भएको ।

फ. फोहरमैला ब्यवस्थापन, खानेपानी वितरण, वन फडानी नियन्त्रण, बजार अनुगमन, विद्युत आपुर्ति, मदिरा नियन्त्रण, लागे औषध नियन्त्रणका आदि विषयमा कार्ययोजना बनाई सरोकारवालासंग आवश्यक अन्तरकृया/बैठक गरी विभिन्न निर्णयहरु गराई कार्यान्वयंनको पहल गरिएको छ ।

ब. दिरा र सुर्तिजन्य बस्तुको विज्ञापन सार्वजनिक स्थलबाट हटाउने अभियानको क्रममा अमरगढी नगरपालिकामा रहेका मदिराको विज्ञापन अंकित बोर्ड हटाएर एउटै रंग र आकार भएका मदिरा सहित र मदिरा रहित व्यानर बनाउने कार्य गरिएको ।

**१५) सारांश :**

जिल्लामा शान्ति सुरक्षाको अवस्थालाई थप सुदृढ गर्न सरकारी तथा गैर सरकारी निकायबाट हुने सेवा प्रवाहलाई थप जनमुखी एवं एकद्धार प्रर्णालीबाट सरल छिटो छरितो, पारदर्शी बनाउन तथा विकास निर्माणको कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सरोकारवाला निकाय/पदाधिकारी विच बैठक अन्तरकृया छलफल गरी आवश्यक निर्णय गराई कार्यक्रमको अनुगमन मुल्यांकन भै रहेको छ । जिल्लामा राजनैतिक दल, नागरिक समाज, पत्रकार उद्योगी व्यापारी विच सर्वपक्षीय बैठक राखी सुझाव लिई जिल्लामा सुशासन कायम गर्न आवश्यकता अनुसार कार्ययोजना वनाई कार्यान्वयन गर्न प्रयत्न गरिएको छ ।

**तयार गर्ने:**
चन्द्र बहादुर रोकाया
ना.सु.
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।

**प्रमाणित गर्ने:**
विश्वराज न्यौपाने
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी